वर्ष १६ । अंक १२९ । काठमाडौं । बुधबार, २८ माघ २०७७ । Wednesday, 10 February 2021 । पृष्ठ ८+४ । मूल्य रु. १०

@abhiyannationaldaily
@arthik_abhiyan

आर्थिक अभियान

हरेक दृष्टि, आर्थिक कोण

राष्ट्रिय दैनिक

www.abhiyandaily.com

वित्तीय अपराध नियन्त्रणमा 'कृत्रिम प्रज्ञा'को प्रयोग ४

एनआईसी एशिया बैंकको भ्यालेन्टाइन योजना ३

बी एन्ड बी अस्पतालमा एनएमबीको एटीएम तथा विस्तारित सेवा २

आयोजनाले सीधै ग्राहकलाई विद्युत् बिक्री गर्न पाउने व्यवस्था हुनुपर्छ ■ कृष्णप्रसाद आचार्य १२



श्रम ऐन, २०७४ को पालना गरौं,
श्रमिक, श्रमिक आपुर्तिकर्ता र
रोजगारदाता सजग बनौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
**विद्युत विकास विभाग**

# तल्लो अरुण जलविद्युत आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदनको सार्वजनिक सुनुवाई सम्बन्धी सार्वजनिक सूचना

**प्रकाशित मिति : २०७७/१०/२८**

विद्युत विकास विभागले प्रदेश नम्बर १ को संखुवासभा जिल्ला र भोजपुर जिल्ला भएर बग्ने अरुण नदीको पानी प्रयोग गरी ४७४.२५ मेगावाट क्षमताको तल्लो अरुण जलविद्युत आयोजनाको प्रस्ताव गरेको छ। प्रस्तावित अर्धजलाशययुक्त (PRoR) आयोजना मकालु-बरुण राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा समेत रहेको छ। प्रस्ताबित आयोजनाको लागि समुद्री सतहबाट करीव ४८८ मिटरको उचाईमा संखुवासभा जिल्लाको सिलीचोङ गाउँपालिका वडा नं ५ र चिचिला गाउँपालिका वडा नं २ स्थित तोम्बेवेसीमा करिब ५५ मिटर उचाईको बाँध बाँधी अरुण नदीको पानीलाई करिब १२.९२० कि. मी. लामो सुरुङ्गको माध्यमद्धारा खाँदवारी नगरपालिका वडा नं २ को बेतिनीमा अवस्थित भूमिगत विद्युत गृहबाट विद्युत उत्पादन गरी करिब ४९४.५ मिटर लामो टेलरेस सुरुङ्गको माध्यम मार्फत अरुण नदीमा पुनः पानी खसालिने छ।

सो प्रस्तावको वातावरणीय प्रभाव मुल्याङ्कन (Environmental Impact Assessment) अध्ययन प्रतिवेदन तयारीको सिलसिलामा वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ को नियम ६ बमोजिम प्रस्ताव कार्यान्वयन हुने स्थानमा सार्वजनिक सुनुवाई गर्नु पर्ने प्रावधान अनुरुप यो सूचना प्रकाशित गरिएको छ। यस सूचना मार्फत प्रस्तावित आयोजनाबाट प्रभावित हुने सम्बन्धित नगरपालिका/गाँउपालिका तथा वडाहरु र सो वडाका सम्पूर्ण विद्यालय, स्वास्थ्य चौकी, मकालु-बरुण राष्ट्रिय निकुञ्ज तथा डिभिजन वन कार्यालयका प्रतिनिधि, मध्यवर्ती/सामुदायिक वन उपभोक्ता समूहका प्रतिनिधिहरु, स्थानीय महानुभावहरु साथै अन्य सबै सरोकारवालाहरुलाई निम्न मिति, समय र स्थानमा उपस्थित भई यस आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन उपर छलफलमा सहभागी भई अमुल्य राय-सुझाव दिनु हुन हार्दिक अनुरोध गरिन्छ।

**आयोजना प्रभावित क्षेत्र सम्बन्धि विवरण**

| जिल्ला | नगरपालिका/गाउँपालिकाहरु | सम्बन्धित वडा नं. |
|---|---|---|
| संखुवासभा | सिलीचोङ गाउँपालिका | ४ र ५ |
| | चिचिला गाउँपालिका | २ र ३ |
| | खाँदबारी नगरपालिका | २, १० र ११ |
| भोजपुर | साल्पासिलिछो गाउँपालिका | १ |
| | षडानन्द नगरपालिका | १, ५ र ६ |

**सार्वजनिक सुनुवाई हुने मिति, स्थान र समय**

| | | |
|---|---|---|
| मिति :- २०७७/११/१३ गते, बिहिबार<br>स्थान :- तोम्बेवेसी, चिचिला गाउँपालिका वडा नं. २, संखुवासभा<br>समय :- बिहानको ११:३० बजे | मिति :- २०७७/११/१४ गते, शुकबार,<br>स्थान :- कार्तिके बजार, षडानन्द नगरपालिका वडा नं. ५, भोजपुर<br>समय :- बिहानको ११:३० बजे | मिति :- २०७७/११/१५ गते, शनिबार<br>स्थान :- श्री भद्रकाली आधारभूत विद्यालय, चेवावेसी, खाँदवारी नगरपालिका वडा नं. २, संखुवासभा<br>समय :- बिहानको ११:३० बजे |

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना**

प्रस्तावक
उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय,
**विद्युत विकास विभाग**, सानोगौचरण, काठमाण्डौ
फोन नम्बर : ०१-४४११०७४, ०१-४४११५३७,
फ्याक्स नम्बर: ०१-४४४३५०३
इमेल:info@doed.gov.np, वेबसाइट: www.doed.gov.np

परामर्शदाता
**जोइन्ट भेन्चर अफ फिस्नर (FICHTNER) र**
**सिल्ट कन्सलट्यान्ट (SILT Consultant) प्रा. लि.**
रातोपुल, काठमाण्डौ
फोन नम्बर :०१-४४८७५९८, ०१-४४७५१३९
इमेल : info@silt.com.np/silt@mos.com.np